# प्रेस विज्ञप्ति

नेपालको संविधान जारी भएसंगै मुलुक संघीय संरचनामाप्रबेश गरिसकेको छ । स्थानीय निकायको पुन:संरचना पछि हालकायम रहेका ७४४ स्थानीय तह मध्ये २८३ स्थानीय तहको निर्वाचन सम्पन्न भैसकेको छ । दोस्रो चरणको निर्वाचन सम्पन्न हुनासाथ विगत लामो समयदेखि जनप्रतिनिधि विहीन रहेका स्थानीय निकायहरु जनप्रतिनिधिमूलक स्थानीयतहका रुपमा रुपान्तरित हुनेछन् । यसबाट स्थानीय प्रजातन्त्रको जग बलियो हुनुका साथै संविधानको कार्यान्वयनसंगै जनताको अधिकार जनताकै घरदैलोमा पुग्ने र स्थानीय जनताका चासोहरुको संबोधन अझ प्रभावकारी तुल्याउने परिपाटी समेत थप संस्थागत बन्ने अपेक्षा गरिएको छ । अधिकार सम्पन्न स्थानीय तहलाई जनताको सबैभन्दा नजिकको सरकारको रुपमा स्थापित गर्ने क्रममा ती तहका जनप्रतिनिधिहरुको बहालीसंगै कार्यसंचालनका लागि विभिन्न कानून, नीति, नियम, कार्यविधि आदिको तत्काल आवश्यक पर्ने देखिएको छ । यसका लागि मन्त्रालयले आवश्यक तयारी समेत गरिरहेको छ ।

स्थानीय तहको संस्थागत संरचना, जनशक्ति व्यबस्थापन, भौतिक सुविधाको प्रबन्ध भएपछि सबै स्थानीय तहले आफूलाई आवश्यक पर्ने कानून, नीति, नियम, कार्यविधि आदि तर्जुमा गर्ने कार्य आफै गर्न सक्ने संबैधानिक र कानूनी व्यबस्था भए पनि हाल ती सबै व्यबस्था नभएसम्म भैरहेको व्यबस्था अनूरुप काम गर्नुपर्ने अवस्था रहेको छ । स्थानीय तहमा सूचना प्रविधिको विकास, विस्तार र वित्तीय जोखिम न्यूनीकरण गरी सुशासन कायम गर्न एवम् नागरिकलाई सरल, सहज र एकरुपता कायम हुने गरी गुणस्तरीय सेवाप्रबाहको व्यबस्था मिलाउने सन्दर्भमा सबै स्थानीय तहहरुमा Municipal Administration and Revenue System (MARS) कार्यान्वयनमा ल्याउने तयारी सम्बन्धमा यस मन्त्रालयबाट मिति २०७३।१२।३ मा परिपत्र समेत जारी भैसकेको छ । सो व्यबस्थालाई सहजीकरण गर्नुका साथै सबै स्थानीय तहबाट जारी गरिने प्रमाणपत्र तथा सिफारिश पत्र र ती तहमा पेश गरिने निवेदनको ढाँचामा एकरुपता कायम गर्न जरुरी देखिएको छ ।

यसै सन्दर्भमा स्थानीय स्वायत्त शासन ऐन, २०५५ र सो सम्बन्धी नियमावली तथा नेपाल सरकारबाट विभिन्न समयमा जारी गरिएका कार्यविधि, निर्देशिका तथा परिपत्र समेतका आधारमा साविकका स्थानीय निकायहरुले उपयोग गरिरहेका निवेदन तथा सिफारिशका ढाँचाहरुमा नेपालको संविधानमा स्थानीय तहले गर्ने भनी तोकिएको जिम्मेवारी अनुरुप सिफारिश प्रमाणित लगायतका सेवाहरुको निमित्त आवश्यक परिमार्जन गरी सबै स्थानीय तहको सेवा प्रवाहमा एउटै ढाँचाहरु प्रयोगमा ल्याउन र सेवा प्रवाहको निमित्त अपनाउनु पर्ने कार्यविधि (सेवा सुविधाको किसिम, सेवा प्राप्तिका लागि आवश्यक कागजात र प्रकिया तथा जिम्मेवारी र सेवा प्राप्त गर्न लाग्ने समय) को नमूना समेत निर्धारण गर्न आवश्यक देखिएकोले संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयबाट सो सम्बन्धी ६४ किसिमका ढाँचाको नमूना तयार पारिएको छ । यस्तो ढाँचा र कार्यविधिलाई २०७४ आषाढ १ गतेदेखि सबै स्थानीय तहमा कार्यान्वयनमा ल्याउने गरी नेपाल सरकार (माननीय राज्यमन्त्रीस्तर) को मिति २०७४।२।३ को निर्णय भएको हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो प्रेस विज्ञप्ति जारी गरिएको छ ।

(मदन कोइराला)
उपसचिव एवं सहायक प्रबक्ता

मिति: २०७४।२।४